प्रेस स्वतन्त्रता

पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन






नेपाल पत्रकार महासंघ


कान्तिपुर मिडिया ग्रुपमा महासंघको धर्ना
श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयन गर ।
प्रचलित कानून, विधि र पद्धतिविपरीत दिइएको अवकास फिर्ता गर ।
श्रमजीवी पत्रकार ऐन, प्रचलित विधि र पद्धतिविपरीत पत्रकारलाई पेशाबाट निष्कासन गर्ने कार्य बन्द गर ।
कानून विपरीत सरुवा बन्द गर ।
नेपाल पत्रकार महासंघ, केन्द्रीय समिति
Journalist ( FNJ
र्ना कार्यक्रम



प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

**(२०२३ मे ३ देखि २०२४ अप्रिल २६ सम्म)**

सम्पादन/संयोजन

**उदय जीएम**

विशेष सहयोगी

**खगेन्द्र फुयाँल**

**नेपाल पत्रकार महासंघ**

**केन्द्रीय प्रकाशन विभाग**

२०८१

© सर्वाधिकार

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं : ०१– ४११२७६३, ४११२६७३, फ्याक्स : ०१–४११२७८५

इमेल : fnjnepalcentral@gmail.com, fnjpublication@gmail.com

वेबसाइट : www.fnjnepal.org

डिजाइन/लेआउट

**उदय जीएम**

आवरण तस्वीर

**खगेन्द्र फुयाँल**

नेपाल पत्रकार महासंघले श्रमअधिकारका लागि आयोजना गरेका विभिन्न कार्यक्रमहरू ।

**(वार्षिक प्रतिवेदनमा प्रकाशित सामग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत खुलाएर प्रयोग गर्न वा पुनः प्रयोग गर्न सकिने छ ।)**

# विश्व प्रेस स्वतन्त्रता दिवस, २०२४ को अवसरमा

# अध्यक्षको शुभकामना



प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले आज संसारभर उत्सव मनाउँदै छन् । युनेस्कोले सन् १९९३ देखि मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा मनाउने प्रस्ताव गरेअनुसार आजको दिनलाई उत्सवको रुपमा मनाउन थालिएको हो ।

सन् १९९१ मा यसै दिन युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा पत्रकारहरूको सम्मेलन भएको थियो । 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विन्डहक घोषणापत्र'मा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो । स्वतन्त्र प्रेसका पक्षमा त्यो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो ।

प्रेस स्वतन्त्रताका पक्षमा लडाईं लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चापरिचर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तरक्रियाहरू गर्ने गरिन्छ ।

प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हनन, स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल पत्रकार महासंघको तर्फबाट विश्वका सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

*'पृथ्वीका लागि प्रेस : वातावरणीय संकटको युगमा पत्रकारिता'* भन्ने नाराका

साथ युनेस्कोले यस वर्ष पत्रकारितालाई बिग्रँदो वैश्विक वातावरणप्रतिको चिन्तासँग जोड्न चाहेको छ । यस वर्षको नाराबाट संसारको पत्रकारिता यस दिशामा प्रेरित हुनेछ र हुनुपर्छ । यो नारा तय गर्नुको पछाडि पत्रकारिता सिङ्गो मानवजातिको हितमा उभिँदै गर्दा उनीहरूको बासस्थानको संरक्षणका विषयमा पनि चर्चा परिचर्चा चल्नुपर्छ भन्ने अपेक्षा छिपेको सहजै बुझ्न सकिन्छ ।

यो दिनको महत्वलाई अझ झल्काउने गरी नेपाल पत्रकार महासंघले आज आफ्नो महाधिवेशन गर्दैछ । महाधिवेशनलाई पत्रकारिताका विषयमा अझ व्यापक छलफल गर्ने थलो बनाउने र नयाँ नेतृत्वका लागि त्यसको एक महिनापछि मात्रै निर्वाचन गर्ने वैधानिक व्यवस्था गरिएको छ । त्यसकारण आजको दिनमा देशभरबाट जुटेका पत्रकारहरूले महाधिवेशनको थलोमा पत्रकारिताका विविध पक्षहरूमाथि चर्चा परिचर्चा गरिरहेका छौं । यस अवसरमा वर्षभरिको प्रेस स्वतन्त्रताको अवस्थाको समीक्षा गर्दै अब कसरी अगाडि बढ्ने भन्नेबारेमा समेत गम्भीर मन्थन हुनेछ ।

बदलिँदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिदैँ गएका छन् । इन्टरनेटको विकाससँगै शुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरबीच संघर्षरत छ । विश्वव्यापीरुपमा देखिएको आर्थिक संकट, प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौती देखिएका छन् । श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना नहुँदा पत्रकारहरू पारिश्रमिकबाट बञ्चित छन् ।

नेपालमा मे ३ सन् २०२३ देखि अप्रिल २६ सन् २०२४ प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन् । गतवर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ५५ वटा र मे ३ सन् २०२१ देखि २०२२ को अवधिमा ७५ वटा घटनाहरू अभिलेख भएका थिए ।

६२ वटा घटनामा १६८ जना पत्रकार र २ सञ्चारसंस्था गरी १७० पीडित भएका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा तथा अवरोधका ३, पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका २९, आक्रमणका १४ वटा घटना भएका छन् । यस्तै पेशागत असुरक्षाका १४ वटा घटना भएका छन् ।

यसबाट ९३ जना पत्रकार र ८ सञ्चारसंस्था गरी १०१ पीडित भएका छन् । महासंघको सञ्चार अनुगमन इकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा अवरोधका ७, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११ वटा घटना भएका छन् । यस्तै लैङ्गिक हिंसाका २, विस्थापन १ र पेशागत असुरक्षाका ५५ वटा घटना भएका छन् ।

त्यस्तै नेपाल पत्रकार महासंघले श्रमसमस्यासम्बन्धी उजुरीलाई अध्ययन गरी सम्बन्धित सञ्चारगृहमा पत्राचार, छलफल, दवावमूलक कार्यक्रममार्फत हल गर्ने गरेको छ । महासंघले संवाद, दवाव र न्यायिक मोर्चाबाट श्रमको समस्यालाई सम्बोधन गर्ने अभ्यास पनि गर्दै आएको छ । यसबाट सफलता पनि मिलेको छ । अदालतको आदेशका आधारमा पछिल्लो तीन वर्षको अबधिमा २ करोडभन्दा बढी रकम श्रमजीवी पत्रकारहरुलाई प्राप्त भएको छ । पत्रकारलाई न्यायिक सेवा समेत दिँदै आएको छ ।

इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेसले बिभिन्न प्रकारका चुनौतीहरू र अवसरहरूसँग समेत आफूलाई साक्षात्कार गराएको छ । आर्टिफिसिएल इन्टेलिजेन्स (एआई)को प्रयोगले पत्रकारितालाई कस्तो असर पुराउने हो ? भन्ने प्रश्नको

जवाफको प्रतीक्षा गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा अत्यन्तै सचेतताका साथ पत्रकारितालाई निरन्तरता दिनु समयको हाँक र माग भएको छ। यससँग सामना गर्ने सामूहिक प्रतिवद्धताको खाँचो छ । यसका लागि पनि आजको दिनले हामीलाई प्रेरणा प्रदान गर्नेछ । महासंघले शुरु गरेको फ्रि मिडिया नेटवर्कजस्ता सञ्जालहरूमार्फत मिडिया र नागरिक समाजका बीचमा नियमित अन्तरक्रिया गर्दा पनि प्रेससँग नागरिकका अपेक्षा बुझ्ने र तदनुकूलको पत्रकारिता गर्ने प्रतिबद्धता जनाउनका लागि उपयुक्त मञ्च निर्माण हुने गरेको छ ।

संविधानले ग्यारेण्टी गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पत्रकारिताका हरेक अभ्यासमा पनि महसुस गर्नसक्ने बनाउनका लागि आवश्यक कानुन निर्माण गर्ने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राख्न जरुरी छ । मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा संघीयताको अभ्यास थालेको पनि ८ वर्ष बितिसकेको छ । तर, यतिका अवधि भइसक्दा पनि अझै नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित कानुनहरू निर्माण हुन सकिरहेका छैनन् । आबश्यक सञ्चारमैत्री कानुन निर्माणका लागि अझै पनि पैरवी जारी राख्नुपर्ने अवस्था कायम छ । समय समयमा सरकारले जारी गरेका निर्देशन र हालै सम्मानित सर्वोच्च अदालतले दिएको एउटा आदेशले हामीलाई स्वतन्त्रताको मुद्दामा अझै चनाखो भएर उभिनुपर्ने आबश्यकता बोध गराएको छ ।

एकातर्फ आमसञ्चार नीति २०७३ को कार्यान्वयनका लागि कानुनको अभाव छ, जसले गर्दा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको जस्तो पत्रकारिता क्षेत्रलाई अगाडि बढाउन सकिएको छैन । अर्कोतर्फ कानुनको अभावले गर्दा राज्यका संयन्त्रहरुले पत्रकारितालाई कमजोर बनाउने गरी कदम अगाडि बढाउने गर्दछ । तसर्थ पत्रकारिता क्षेत्रमा प्रयोग हुँदै आएका नवीन आयाम र प्रविधिको सदुपयोग गर्दै अगाडि बढ्नुपर्ने चुनौती समेतलाई सम्बोधन गर्नेगरी कानुनहरू निर्माण गरेर अगाडि बढ्नुपर्ने दायित्व यतिबेला हाम्रो काँधमा आएको छ । अघिल्लो संसदमा पेश गर्नका लागि बनाइएका कानुनका मस्यौदाहरूलाई परिमार्जन गरेर नयाँ संसदमा पेश गर्नका लागि सरकारलाई दवाव दिँदै हामीले खोजेको जस्तो कानुन निर्माणको सुनिश्चितताका लागि काम गर्नु पर्नेछ । प्रेस स्वतन्त्रताका सन्दर्भमा राज्य र राजनीतिक शक्ति अझै पनि अनुदार रहेको पृष्ठभूमि छ । सञ्चारसँग सम्बन्धित कानुन र मुद्दाहरू सरकार र संसदको प्राथमिकतामा छैनन् भन्ने तथ्यलाई आत्मसात गर्दै महासंघले आफ्ना रणनीतिहरु निर्माण गर्दै अगाडि बढाइरहेको छ ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन । नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अंग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भएतापनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्नसकेको छैन ।

अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भीकतापूर्वक उभिई पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न र दृढतापूर्वक उभिने उत्प्रेरणा मिलोस् । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*मिति : २०८१/०१/२१*

# विषय सूची

– नेपालमा २०२३ मे ३ देखि २०२४ अप्रिल २६ गतेसम्ममा
प्रेस स्वतन्त्रताको अवस्था– १

# विश्व प्रेस स्वतन्त्रता दिवस २०२४

## नेपालमा सन् २०२३ मे ३ देखि २०२४ अप्रिल २६ सम्म प्रेस स्वतन्त्रताको अवस्था अनुगमनसम्बन्धी

# वार्षिक प्रतिवेदन

विक्रम संवत् २०८० नेपाली पत्रकारिता क्षेत्रका लागि चुनौतीपूर्ण वर्ष रह्यो । समग्र पत्रकारिता क्षेत्रमा विभिन्न खालका चुनौती आइपरेका छन् । विश्वव्यापी रुपमा देखिएको आर्थिक संकट, प्रविधि र माध्यमको विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौती देखिएका छन् ।

नेपाल पत्रकार महासंघमा दर्ता भएका श्रम समस्याहरू बिस्तारै हल हुँदै गएपनि श्रमको दीर्घकालीन समस्या समाधानमा अबका वर्षमा मुख्य ध्यान दिनुपर्ने आवश्यकता छ । सञ्चार क्षेत्रमा देखिएको गम्भीर खालको आर्थिक संकटसँग जुध्ने र प्रविधिलाई आत्मसात गरेर अगाडि बढ्नुपर्ने चुनौती नयाँ वर्ष सँगसँगै भित्रिएको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका घटना गत वर्षको तुलनामा बढेका छन् । आमसञ्चार नीतिलाई कार्यान्वयन गर्न बन्नुपर्ने कानुनी मस्यौदा अपेक्षाकृत अगाडि बढ्न सकेका छैनन् । तीनवटै तहका सरकारले बनाएका र बनाउने कानुन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन थप दबाब दिन आवश्यक छ ।

नेपाल पत्रकार महासंघले नयाँ वर्षसँगै समग्र पत्रकारिता क्षेत्रमा देखिएको संकटका विषयमा बहस प्रारम्भ गरेको छ । वैशाख २१ र २२ गते हुने महासंघको महाधिवेशनलाई यही विषयमा केन्द्रित गरिएको छ । पत्रकारिता क्षेत्रमा देखिएको संकटका विषयमा गम्भीर छलफल गर्ने र त्यसका निष्कर्षलाई कार्यान्वयन गर्ने प्रतिवद्धता महासंघ व्यक्त गर्दछ ।

वि.सं. २०८० मा श्रमजीवी पत्रकारले तलब नपाएर विभिन्न सञ्चारगृहमा आन्दोलन गर्नुपरेको थियो । पत्रकारको पेशागत सुरक्षा, श्रमजीवी पत्रकार ऐनलगायतका कानुन कार्यान्वयनको प्रत्याभूति, नागरिकको संवैधानिक अधिकार, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानुन निर्माणमा महासंघले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको स्मरण गर्दै महासंघ नयाँ वर्षसँगै सरकार, आम नागरिक, सरोकार राख्ने संघसंस्था लगायतको सहयोगको अपेक्षा गर्दछ ।

## नेपालमा प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेखीकरणको व्यवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरुको निरन्तर अनुगमन तथा अभिलेखीकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृतिअनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरुलाई रेकर्ड गर्ने गरेको छ । डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ ।

उक्त डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरुलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनि समिक्षा गरी छुट्टा छुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हननका घटनाहरुलाई वर्गीकरण गरी व्यवस्थितरुपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरुसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डलाई २०७३ मा संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिताबाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिँदैन । साथै आम व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विषयलाई पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा वर्षभरि अभिलेख गरिएका घटनाहरुलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरुको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ३ तारिखदेखि यस वर्षको मे २ तारिखसम्मका घटनाहरुलाई लिने गरिएको छ । तर रिपोर्ट तयारीका लागि आवश्यक समयका कारण यस वर्ष वैशाख १४ गते सम्मका घटनाहरुलाई मात्र समावेश गर्न सकिएको छ ।

## मे ३ सन् २०२३ देखि अप्रिल २६ सन् २०२४ मा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरुको विश्लेषण

बद्लिदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरु थपिदै गएका छन् । इन्टरनेटको विकाससँगै शुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरका बीच संघर्षरत छ । विश्वव्यापीरुपमा देखिएको आर्थिक संकट, प्रविधि र

माध्यमको विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौती देखिएका छन् । श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना नहुँदा पत्रकारहरु पारिश्रमिकबाट बञ्चित छन् ।

मे ३ सन् २०२३ देखि अप्रिल २६ सन् २०२४ सम्म प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन् । गतवर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ५५ वटा र मे ३ सन् २०२१ देखि २०२२ को अवधिमा ७५ वटा घटनाहरु अभिलेख भएका थिए ।

६२ वटा घटनामा १६८ जना पत्रकार र २ सञ्चारसंस्था गरी १७० पीडित भएका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइमा अभिलेख भएअनुसार यी घटनाहरुमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा तथा अवरोधका ३, पत्रकार दुर्व्यवहार तथा धम्कीका २९, आक्रमणका १४ वटा घटना भएका छन् । यस्तै, पेशागत असुरक्षाका पनि १४ वटै घटना अभिलेख भएका छन् ।


नेपाल पत्रकार महासंघले प्रदेशका आधारमा अभिलेख गरेको प्रेस स्वतन्त्रता हननका घटनाहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| घटना प्रकृति | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| गिरफ्तारी | | | | | | | २ | | २ |
| कब्जा/अवरोध | | १ | २ | | | | | | ३ |
| आक्रमण | | ७ | ४ | १ | १ | | १ | | १४ |
| दुर्व्यवहार/धम्की | ३ | ५ | १६ | २ | २ | १ | | | २९ |
| पेशागत असुरक्षा | १ | | १३ | | | | | | १४ |
| जम्मा घटना | | | | | | | | | ६२ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई। सन् २०२४ अप्रिल २६।*

## घटना प्रकृतिका आधारमा

| | घटना प्रकृति | घटना संख्या |
|---|---|---|
| १ | मृत्यु/हत्या | ० |
| २ | बेपत्ता | ० |
| ३ | गिरफ्तारी | २ |
| ४ | कब्जा/अवरोध | ३ |
| ५ | आक्रमण | १४ |
| ६ | दुर्व्यवहार/धम्की | २९ |
| ७ | विस्थापन | ० |
| ८ | पेशागत असुरक्षा | १४ |
| ९ | लैङ्गिक हिंसा | ० |
| कुल संख्या | | ६२ |



प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना हुँदा १६८ जना पत्रकार तथा सञ्चारकर्मी र २ सञ्चारसंस्था पीडित भएका छन् ।

| | कोशी प्रदेश | | | मधेश प्रदेश | | | बागमती प्रदेश | | | गण्डकी प्रदेश | | | लुम्बिनी प्रदेश | | | कर्णाली प्रदेश | | | सुदूरपश्चिम प्रदेश | | | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | | |
| गिरफ्तारी | | | | | | | | | | | | | | | | | | | १ | १ | | | २ |
| कब्जा/अवरोध | | | | ७ | २ | | १० | २ | १ | | | | | | | | | | | | | | २२ |
| दुर्व्यवहार / धम्की | ७ | २ | | ५ | | | १९ | २ | | ३ | १ | | ३ | | | १ | | | | | | | ४३ |
| आक्रमण | | | | ६ | | १ | ४ | १ | | १ | | | | | | | | | १ | | | | १४ |
| पेशागत असुरक्षा | | १ | | | | | ६७ | २१ | | | | | | | | | | | | | | | ८९ |
| जम्मा घटना | ७ | ३ | | १८ | २ | १ | १०० | २६ | १ | ४ | १ | | ३ | | | १ | | | २ | १ | | | १७० |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगम इकाई, सन् २०२४, अप्रिल २६ ।*

पुरुष =१३५ , महिला =३३ , संस्था = २

नेपाल पत्रकार महासंघले प्रदेशका आधारमा अभिलेख गरेको प्रेस स्वतन्त्रता हननका घटनाहरुका निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| घटना प्रकृति | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| गिरफ्तारी | | | | | | | २ | | २ |
| कब्जा/अवरोध | | १ | २ | | | | | | ३ |
| आक्रमण | | ७ | ४ | १ | १ | | १ | | १४ |
| दुर्व्यवहार /धम्की | ३ | ५ | १६ | २ | २ | १ | | | २९ |
| पेशागत असुरक्षा | १ | | १३ | | | | | | १४ |
| जम्मा घटना | ४ | १३ | ३५ | ३ | ३ | १ | ३ | ० | ६२ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइ। सन् २०२४ अप्रिल २६।*

**नेपाल पत्रकार महासंघमा मे ३, सन् २०२३ देखि २६ अप्रिल २०२४ सम्म अभिलेख भएका प्रेस स्वतन्त्रता हननका घटनाहरु संक्षेपमा :–**

१. **पक्राउ**

■ २०८० माघ २७ गते कञ्चनपुरबाट सञ्चालित निगरानी खबरडटकममा क्रियाशील पत्रकार ऐश्वर्या कुँवर र माउन्टेन टेलिभिजन कञ्चनपुर जिल्ला समाचारदाता पुष्कर भट्टलाई प्रहरीले पक्राउ गर्‍यो । पत्रकारसम्बद्ध मिडियामा समाचार प्रकाशन गर्नुका साथै उनीहरुले सामाजिक सञ्जाल फेसबुकमा आफूले तयार पारेको रिपोर्ट प्रकाशन गरेका थिए । प्रहरीले विद्युतीय कारोबार ऐनको दफा ४७ बमोजिम अनुसन्धान अघि बढाएको जनाइएको छ ।

■ २०८० जेठ २ गते नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका सदस्य तथा सीमारेखा डटकमका प्रधानसम्पादक राजेन्द्र नाथ र सगरमाथा टेलिभिजन र स्थानीय आभासकुन्ज दैनिकमा कार्यरत पत्रकार ऐश्वर्या कुँवरलाई प्रहरीले समाचार संकलनका क्रममा कुटपिट गरी नियन्त्रणमा लिएको छ । महासंघ कञ्चनपुर शाखाका अनुसार जेठ २ गते मंगलबार साँझ कञ्चनपुरको भीमदत्त नगरपालिका- ५ स्थित पूर्वपश्चिम राजमार्गको सुकासाल चोकमा प्रहरी र भारतबाट सामान ल्याउनेहरूबीच झडप भएको थियो । सोही झडपको स्थलगत समाचार संकलन गर्न पुगेका पत्रकारद्वय नाथ र कुँवरलाई प्रहरीले दुर्व्यवहार गर्दै निर्घात कुटपिट गरी सञ्चार सामग्री नियन्त्रणमा लिई पत्रकार नाथलाई हतकडी लगाई हिरासतमा लिएको थियो ।

२. **दुर्व्यवहार ⁄ धम्की**

■ २०८० चैत २२ गते नेपाल पत्रकार महासंघ, ललितपुर शाखाका कार्यवाहक कोषाध्यक्ष तथा खोजमिसन न्युजका प्रधानसम्पादक दीपक अर्याललाई ९८४३६३४११२ नम्बरको फोनबाट अपरिचित व्यक्तिले धम्की दिएको थियो । अर्याललले 'माल्टाका शिक्षक ठाकुरमान एमालेको अधिवेशन प्रतिनिधि' शीर्षकमा समाचार प्रकाशन गरेका थिए ।

■ २०८० चैत २५ गते नेपाल पत्रकार महासंघ, सिराहा शाखाका सदस्य तथा दावानल डटकमका कार्यकारी सम्पादक अर्जुनकुमार थपलियालाई गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले प्रकाशित समाचारको विषयमा गालीगलौ चसहित ज्यान लिने जस्ता धम्की दिएका थिए । नेपाल पत्रकार महासंघ सिराहा शाखाका अनुसार अधिकृत केसीले पत्रकार थपलियालाई गालीगलौच तथा ज्यान लिने धम्की दिएको अडियो सार्वजनिक भएको जनाइएको छ ।

■ २०८० चैत २१ गते नेपाल पत्रकार महासंघ, बाँके शाखाका अध्यक्ष तथा सद्भाव दैनिक र सेतोखरी अनलाइनका सम्पादक दामोदर भण्डारीलाई जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख सुवास बोहराले धम्की दिएका थिए । अध्यक्ष भण्डारीका अनुसार

सेतोखरी डटकममा तस्करीमा प्रहरीको संलग्नता रहेको विषयमा समाचार प्रकाशन भएपछि प्रहरी प्रमुख (उपरीक्षक) बोहराले समाचार हटाउन धम्की दिएका थिए ।

■ २०८० चैत ८ गते जिल्ला भलिबल संघ संखुवासभाका अध्यक्ष मेदिनी घिमिरेले सामाजिक सञ्जालमार्फत संखुवासभाका पत्रकार र सञ्चारमाध्यमलाई लक्षित गर्दै अमर्यादित र अनावश्यक टीका-टिप्पणी गर्दै पत्रकारलाई दुर्व्यवहार गरेका थिए । महासंघ संखुवासभा शाखाका अनुसार २०८० फागुन १५ देखि १९ गतेसम्म चलेको मुख्यमन्त्री राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको सन्दर्भलाई लिएर भलिबल संघका अध्यक्ष घिमिरेले स्थानीय पत्रिकामा प्रतियोगिताको समाचार किन प्रकाशन भएन, समाचार प्रकाशन गर्ने पत्रकारलाई के गर्नुपर्छ, थाहा छ भनेर संखुवासभाका पत्रकार र सञ्चारमाध्यमलाई लाञ्छित गर्दै सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । उक्त पोष्टमा विभिन्न व्यक्तिहरूबाट पत्रकार र सञ्चारमाध्यमलाई गालीगलौज गर्दै अनावश्यक टीका-टिप्पणी गरेका थिए ।

■ २०८० चैत ८ । समाचार प्रसारण भएको विषयलाई लिएर कान्तिपुर टेलिभिजन सिराहाका सम्वाददाता विनय यादवलाई प्रहरी नायव निरीक्षकले धक्की दिएका थिए । सिराहा नगरपालिकामा कार्यरत सई अमित राईसहितका व्यक्तिले सिराहाबाट भारत मदिरा तस्करी सम्बन्धमा कान्तिपुर टेलिभिजनमा समाचार प्रसारण भएपछि पत्रकार यादवलाई 'चाडै केही गर्ने' भन्दै सार्वजनिक स्थानमा बसेर धम्की दिएको पत्रकार विनय यादवले बताए ।

■ २०८० चैत १ गते नेपाल पत्रकार महासंघ सुनसरी शाखा सदस्य तथा शिलापत्र डटकमका सम्वाददाता कृष्ण बहाव भट्टराईमाथि इटहरी उपमहानगरपालिका नगर प्रहरीले दुर्व्यवहार गरेको थियो । चैत १ गते इटहरी उपमहानगरपालिकाको कार्यालय अगाडि धर्नामा बसेका सिटी सवारी चालकको आन्दोलनको समाचार संकलन गर्ने क्रममा पत्रकार भट्टराईलाई नगर प्रहरीले धक्का लगाउँदै मोबाइल खोस्नुका साथै दुर्व्यवहार गरे का थिए ।

■ २०८० फागुन १३ गते मुलुक टाइम्स मासिक पत्रिकाका महोत्तरी सम्वाददाता रोशनकुमार मिश्रलाई अज्ञात समूहले गालीगलौच र आक्रमणको प्रयास गर्दै दुर्व्यवहार गरेको थियो । महासंघ महोत्तरी शाखाका अनुसार फागुन १३ गते समाचार संकलन गरी घर फर्किदै गर्दा राति ८:३० बजेको समयमा ड्राइभरसहित ३ जना व्यक्ति चढेको सेतो रंगको कारले पत्रकार मिश्र चढेको मोटरसाइकललाई पछ्याई अगाडि ल्याएर रोकी मोटरसाइकलबाट झार्दै गालीगलौज गर्दै दुर्व्यवहार गरिएको थियो ।

■ २०८० फागुन १६ गते सर्लाहीको धड्कन एफएममा कार्यरत सञ्चारकर्मी शिवकुमार महतोलाई फोन गरेर गालीगलौज गर्दै धम्की दिइएको थियो । १६ गते दिउँसो

सञ्चारकर्मी महतोलाई ९८१५८७५४९१ नम्बरको मोबाइलबाट फोन गरेर पत्रकारिता गर्न आउँदैन भन्दै गालीगलौजसहित खुट्टा भाचिदिन्छु भनेर धम्क्याएको महासंघको सर्लाही शाखाले जनाएको छ ।

■ २०८० फागुन ९ गते समाचार संकलनका क्रममा नेप्लिज टाइम्स डटकमका कार्यक(ारी सम्पादक टेकमान शाक्य र सम्वाददाता सुनिता गौतमलाई प्रहरीले दुर्व्यवहार गरेको थियो । फागुन ९ गते बिहीबार काठमाडौंको ताहाचलस्थित वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारका क्रममा ठगीमा परेकाहरूको दबाब दिने कार्यक्रम रहेको थियो । सोही विषयको समाचार संकलनका लागि वैदेशिक रोजगार विभाग पुगेका पत्रकार द्वयलाई कालिमाटी प्रहरी वृत्तबाट खटिएका सुरक्षाकर्मीले सूचना विभागबाट जारी प्रेस पास देखाउँदासमेत दुर्व्यवहार गरेका थिए ।

■ २०८० माघ ७ गते नेपाल पत्रकार महासंघ, महोत्तरी शाखाका सचिव तथा अन्नपूर्ण पोष्ट दैनिकका सम्वाददाता राजकरण महतोमाथि काठमाडौंमा सार्वजनिक यातायातका सहचालकले दुर्व्यवहार गरेका छन् । महासंघ महोत्तरी शाखाका अनुसार माघ ७ गते दिउँसो काठमाडौं तीनकुनेस्थित सडक किनारमा रोकिराखेको बा २ ख ४५३४ नम्बरको सुन्दरीमाई यातायात नामको बसका सहचालक र चालकले साम्प्रदायिक विभेदपूर्ण गाली गर्नुका साथै अश्लील गालीगलौज गरेका थिए ।

■ २०८० मंङ्सिर २६ गते झापाका सञ्चारकर्मी तथा बिर्तामोड झापा डटकमका सञ्चालक टीकाराम बाँस्तोलालाई समाचारको बिषयलाई लिएर बारम्बार ज्यान मार्नेसम्मको धम्की दिइएको थियो । पीडित पत्रकार बाँस्तोलाका अनुसार 'अफ्रिका पठाइदिने भन्दै लाखौं ठगी गर्ने बिर्तामोडका गिरी पक्राउ' शीर्षकमा प्रकाशित समाचारको बिषयलाई लिएर पक्राउ परेका अन्जेश गिरीका बुवा बिर्तामोड ४ निवासी गणेश गिरी र परिवारका अन्य सदस्यले अलग-अलग नम्बरबाट पटक-पटक फोन गरेर अश्लील गालीगलौजसहित ज्यान मार्ने धम्कीसम्म दिएका थिए ।

■ २०८० मंसिर २ गते नेपाल पत्रकार महासंघ कास्की शाखाका सदस्य एवं डनन्यूज डटकमका सम्पादक राजेन्द्र अधिकारीलाई समाचारका सन्दर्भमा कुराकानी गर्ने क्रममा पोखरा महानगरपालिका-२१ का वडाध्यक्ष दीपकप्रसाद सुवेदीले धम्की दिएका थिए । मंसिर २ गते शनिबार मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको समाचारको विषयमा बुझ्नका लागि टेलिफोनबाट कुराकानी गर्ने क्रममा पत्रकार अधिकारीलाई वडाध्यक्ष सुवेदीले गालीगलौज गर्दै धम्क्याएका थिए भने उहाँकी श्रीमती मीनाकुमारी आचार्य सुवेदीसमेतले बलात्कारको आरोप लगाएर फसाइदिने धम्की दिएको महासंघ गण्डकी प्रदेश समितिले जनाएको छ ।

■ २०८० कार्तिक १२ गते नेपाल पत्रकार महासंघ कालिकोट शाखाका सदस्य तथा

स्मार्टकर्णाली न्यूज डटकमका सम्पादक लंकराज धमलालाई समाचारको विषयलाई लिएर धम्की दिइएको थियो । केही दिनअघि कालिकोटस्थित रास्कोट नगरपालिकाको सेवा प्रवाहका विषयमा स्थलगत रिपोर्टिङको भिडियो सार्वजनिक भएपछि पत्रकार धमलालाई नगरपालिकाका प्रमुखको सचिवालयका व्यक्ति तथा आफन्तजनले सामाजिक सञ्जालमा विभिन्न आक्षेप लगाउँदै गालीगलौज गर्ने तथा फोनबाट धम्की दिने गरेको महासंघ कर्णाली प्रदेश समितिले जनाएको छ ।

■ २०८० असोज १६ गते हिमालय टेलिभिजनमा कार्यरत पत्रकार समीर जोशी र क्यामेरा पर्सन जीवन सुवेदीलाई समाचार संकलनका क्रममा धादिङ जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी हुमनाथ पराजुलीले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए । धादिङको सिद्धलेख-६ परेवाटारमा उत्पादित एरोमा नामको शिल लगाइएको खानेपानीको बोतलमा किरा भेटिएको थियो । सोही विषयका सम्बन्धमा असोज १७ गते बुधबार जिल्ला प्रशासन कार्यालय धादिङ पुगेर समाचार संकलनका लागि चासो राख्दा सहायक प्रमुख जिल्ला अधिकारी पराजुलीले पत्रकारद्वयमाथि गैरजिम्मेवाररुपमा प्रस्तुत हुँदै दुर्व्यवहार गरेको महासंघ हिमालय टेलिभिजन प्रतिष्ठान शाखाले जनाएको छ ।

■ २०८० भदौं ३१ गते प्रकाशित समाचारको विषयलाई नेपाल पत्रकार महासंघ काभ्रे शाखाका निवर्तमान अध्यक्ष तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता मोतीराम तिमल्सिनालाई भौतिक कारबाही गर्ने धम्की दिइएको थियो । नेपाल समाचारपत्र दैनिकको भदौ २९ गते शुक्रबारको अंकमा 'मलद्वारमा लुकाई ल्याएको 'सुन'ले काभ्रे कांग्रेसमा खैलाबैला' शीर्षक समाचार प्रकाशित भएपछि आफूलाई बागमती प्रदेशका मन्त्री तीर्थ लामाका समर्थक बताउनेहरूले पत्रकार तिमल्सिनालाई ज्यान मार्ने धम्की दिनुका साथै सामाजिक सञ्जालबाट समेत बदनाम गर्नेजस्ता हर्कत गरेको पीडित पत्रकारले महासंघलाई जानकारी दिनुभएको थियो ।

■ २०८० भदौं २० गते अनलाइनखबर डटकममा कार्यरत पत्रकार नमिता दाहालमाथि समाचार संकलनका क्रममा त्रिभुवन विमानस्थलमा दुर्व्यवहारको भएको छ । एसिया कप क्रिकेट खेलेर फर्किएको नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई त्रिभुवन विमानस्थलमा स्वागतका लागि आयोजना गरिएको कार्यक्रमको समाचार संकलनका क्रममा पत्रकार दाहालमाथि त्यहाँ उपस्थित केही व्यक्तिले महिला भएर पनि यस्तो ठाउँमा किन आएको भन्दै दुर्व्यवहार गरेको अनलाइनखबर डटकमले जानकारी दिएको थियो ।

■ २०८० भदौ २६ गते रातोपाटी अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर उक्त अनलाइनका पत्रकार कृष्णसिंह धामीलाई सजाय दिने भनी अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का अध्यक्ष प्रकाश सीले विज्ञप्तिमार्फत धम्की दिएका थिए । भदौ २५ गते सोमबार त्रिभुवन विश्वविद्यालयबाट प्रदान गरिएको केही शैक्षिक कार्यक्रमका बारे रातोपाटी अनलाइनले समाचार प्रकाशित गरेको थियो । सोही

विषयलाई लिएर विद्यार्थी संगठनले पत्रकार धामी र रातोपाटी अनलाइनको नाम किटान गरी २०८० भदौ २६ गते मंगलबार चेतावनीपूर्ण विज्ञप्ति जारी गरेको थियो ।

■ २०८० भदौं ६ गते समाचारको विषयलाई लिएर नीतिन्यूज डटकममा कार्यरत पत्रकार शंकर तिवारीलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता एवं प्रतिनिधिसभा सदस्य ज्ञानबहादुर शाहीका सहयोगी बताउने व्यक्तिले धम्की दिएका थिए । महासंघ काठमाडौं शाखाका अनुसार भदौ ६ गते बुधबार पत्रिकाको काम सकाएर घर फर्कदै गर्दा पत्रकार तिवारीलाई काठमाडौंको बिजुली बजारको पुलमा प्रतिनिधिसभा सदस्य शाहीको नाम लिँदै दुई जनाले धम्क्याएका थिए । प्रतिनिधिसभा सदस्य शाहीले समेत सामाजिक सञ्जालमार्फत सन्देश पठाएर धम्क्याएको तिवारीले बताए ।

■ २०८० भदौं ४ गते प्रकाशित समाचारको विषयलाई लिएर चितवनमा चितवन पोष्ट दैनिक र नारायणी अनलाइनको कार्यालयमा प्रवेश गरेको एक समूहले पत्रकार गोविन्द अर्याल र राजु चौधरीलगायतका पत्रकार एवं सञ्चारकर्मीलाई दुर्व्यवहार गरेको थियो । महासंघ चितवन शाखाका अनुसार साउन ३१ गते चितवनको टिकौली जंगलमा अक्सफोर्ड कलेजको बसले ठक्कर दिई भएको दुर्घटनाको सन्दर्भमा भदौ ४ गते सोमबार विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भएको विषयलाई लिएर उक्त कलेजका सञ्चालक तथा प्रिन्सिपल हरि भण्डारीका छोरा रोहन भण्डारीको नेतृत्वमा गएको टोलीले दुर्व्यवहार गरेको थियो ।

■ २०८० भदौं ५ गते अनलाइन टिभी पत्रकार संघका उपाध्यक्ष कुशलव केसीलाई अज्ञात व्यक्तिले फोन गरी ज्यान मार्ने धम्की दिएको थियो । मंगलबार बेलुका ८ बजे कुनै पार्टीको कार्यकर्ता बताउने अज्ञात व्यक्तिले फोन गरी गोली हान्ने, खुकुरी प्रहार गर्ने, मार्नेलगायतको धम्की दिएको उपाध्यक्ष केसीले महासंघमा जानकारी गराउनु भएको छ । २०८० साउन ३० गते काठमाडौंबाट प्रसारण हुँदै आइरहेको बागमती टेलिभिजनका सम्वाददाताद्वय गौरव अधिकारी र सुमन निरौलालाई समाचार संकलनका क्रममा लमजुङ नगरपालिका-९ स्थित भोटेओडार सिर्जनात्मक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामजी कँडेललगायतका व्यक्तिहरूको संलग्नतामा ज्यान मार्ने धम्की दिइएको थियो । पीडित पत्रकारका अनुसार उक्त सहकारीमा अनियमियता भइरहेको जानकारी प्राप्त भएपछि साउन ३० गते मंगलबार पत्रकारद्वय अधिकारी र निरौला समाचार संकलनका लागि काठमाडौंबाट लमजुङस्थित सहकारीमा पुगेर अध्यक्ष कँडे ललाई अनियमितताका बारे भनाइ राख्न आग्रह गर्दा अध्यक्ष कँडेलले चिया खाँदै कुरा गर्ने भन्दै सहकारीका अन्य पदाधिकारी तथा व्यवस्थापकसहित पत्रकारद्वयलाई स्थानीय एक होटलमा लगेर लमजुङस्थित सुन्दरबजार नगरपालिका वडा नं ८ र ९ का वडा अध्यक्षसमेतको संलग्नतामा बन्धक बनाई ज्यान मार्ने धम्की दिनुका साथै परिचयपत्र र अन्य सामग्री नियन्त्रणमा लिएर दुर्व्यवहार गरेका थिए ।

■ २०८० साल साउन १८ गते नेपाल पत्रकार महासंघका पूर्वमहासचिव उजिर मगरलाई सुन तस्करीमा पक्राउ परेका दावा छिरिङका बारे समाचार लेखेको भन्दै निजका आफन्तले ज्यान मार्ने धम्की दिनुका साथै सामाजिक सञ्जालबाट बदनामी गरेको महासंघमा जानकारी प्राप्त भएको थियो । पूर्वमहासचिव मगरको नाममा २०८० साउन १६ गते मंगलबार 'लोकान्तर डटकम' मा 'सुनकाण्डमा माओवादीका रोल्पाली नेतालाई टाउको दुखाइ बनेकी थबाङकी अमला' शीर्षकमा सुन तस्करीमा संलग्न भनी अनुसन्धानका लागि पक्राउ परेका तिब्बतीयन मुलका बेल्जियन नागरिक दावा छिरिङका बारेमा समाचार सम्प्रेषण भएको थियो ।

■ २०८० साल साउन ९ गते नेपाल पत्रकार महासंघको एसोसिएट संस्था नेपाल पत्रकारिता विकास समाजका अध्यक्ष एवं दैनिकी डटकमका प्रधानसम्पादक माधवप्रसाद तिवारीले सामाजिक सञ्जालमा साउन ३ गते उठाएको विषयलाई लिएर प्रेस काउन्सिल नेपालले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर पत्रमार्फत स्पष्टीकरण माग गर्दै दुर्व्यवहार गरेको थियो । पत्रकार र सञ्चारमाध्यमका सन्दर्भमा प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभागबाट सम्पादन हुने कामकारबाही संगठितरूपमा गिरोह नै तयार गरी बिचौलियामार्फत गर्न खोजिएको विषयलाई सामाजिक सञ्जालमा उठाएको निहुँमा प्रेस काउन्सिलले पत्र काटेको अध्यक्ष तिवारीले महासंघलाई जनाएका छन् ।

■ २०८० असार २९ गते नेपाल पत्रकार महासंघ ललितपुर शाखाका सदस्य एवं विकासन्युज डटकमका प्रधानसम्पादक रामकृष्ण पौडेललाई समाचारको विषयलाई लिएर मेडिकल व्यवसायी दुर्गा प्रसाईंले ज्यान मार्ने धम्की दिएका थिए । असार २९ गते शुक्रबार बेलुका ६:५५ बजे मेडिकल व्यवसायी प्रसाईले ९८०१०५२२२२ नम्बरबाट फोन गरी धम्कीपूर्ण शब्द प्रयोग गरेर पत्रकार पौडेललाई धम्क्याएको महासंघ ललितपुर शाखाले जनाएको छ ।

■ २०८० असार ८ गते राजधानी दैनिकको कार्यालयमा भएको पूजा कार्यक्रममा सञ्चालक मध्येका आशीष शेरचनको अगुवाईमा महासंघ राजधानी दैनिक प्रतिष्ठानका अध्यक्ष ईश्वर विश्वकर्मामाथि विभेदपूर्ण व्यवहार गर्दै कोठाभित्र थुनेर सटर र मूल ढोकाको चाबी लगाई बन्धक बनाएर भौतिक आक्रमणको प्रयास गरिएको थियो । शाखाका अनुसार राजधानी दैनिकमा कार्यरत रहेका महासंघ उपत्यका प्रदेश समितिका महासचिव टेनिस रोका, काठमाडौं शाखाका सचिव महेश्वर गौतम र पत्रकार निराजन पौड्याललाई समेत धम्की दिइएको प्रतिष्ठानले जनाएको छ ।

■ २०८० असार १२ गते नेपाल पत्रकार महासंघ कास्की शाखाका कार्यसमिति सदस्य एवं एबिसी टेलिभिजनकी पोखरा सम्वाददाता गीता रानालाई समाचार संकलनका क्रममा स्याङ्जा जिल्लास्थित भीरकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुंगानाले दुर्व्यवहार गर्दै बन्धक बनाएर प्रहरीको जिम्मा लगाए थिए । महासंघ

कास्की शाखाका अनुसार उक्त नगरपालिकाका सूचना अधिकारीलाई रिपोर्ट तथा वृत्तचित्र निमार्णबारे आवश्यक जानकारी गराई असार १२ गते मंगलबार नगरपालिका कार्यालयको तस्बीर खिचिरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत ढुंगानाले किन तस्वीर खिचेको भन्दै पत्रकार रानालाई दुर्व्यवहार गर्दै एक घण्टा कार्यालय परिसरमै बन्धक बनाएर खिचिएका सबै तस्वीर र भिडियो मेटाएर प्रहरीको जिम्मा लगाएका थिए ।

■ २०८० असार ६ गते स्वास्थ्य लाइभ अनलाइनका सम्पादक सुनिल सापकोटालाई समाचारको विषयलाई लिएर हरि गिरीसहितको समूहले दुर्व्यवहा गरेको थियो। सरकारी जग्गा व्यक्तिले कब्जा गरेको विषयमा समाचार लेखेको भन्दै गिरीसहितको समूहले अनामनगरमा दुर्व्यवहार गर्नुका साथै आक्रमणको प्रयास गरेको सम्पादक सापकोटाले महासंघलाई जानकारी गराउनु भएको थियो ।

■ २०८० जेठ ३० गते रातोपाटीमा कार्यरत पत्रकार शम्भु दंगाललाई मर्यादापालकबाट दुर्व्यवहार गरिएको थियो । संघीय संसदमा समाचार संकलनका क्रममा पुगेका पत्रकार दंगाललाई मर्यादापालकले दुर्व्यवहारको गरेका थिए । उक्त दिन प्रतिनिधिसभा कानुन, न्याय तथा मानवअधिकार समितिले संकक्रमणकालीन न्यायसम्बन्धी विधेयकका लागि गठन गरेको उपसमितिको बैठकको निमन्त्रणा पाएका दंगाललाई मर्यादापालकबाट समाचार संकलनमा जुटिरहेको अवस्थामा माथिको ओदश भन्दै पाखुरामा समातेर बाहिर निकालेका थिए ।

■ २०८० जेठ १४ गते नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाका कार्यसमिति सदस्य तथा हिन्दुखबर डटकमका प्रधानसम्पादक एवं ग्यालेक्सी फोरके टेलिभिजनका सम्वाददाता घनश्याम पौडेल र सञ्चारकर्मी रूक्मागत भट्टराईलाई समाचार संकलनका क्रममा दुर्व्यवहार गरिएको छ । महासंघ अर्घाखाँची शाखाका अनुसार २०८० जेठ १४ गते आइतबार अर्घाखाँचीको पाणिनी गाउँपालिका- ६ धातिवाङ्गस्थित धातिवाङ्ग माध्यमिक विद्यालयको व्यवस्थापन समिति गठन प्रक्रियाको स्थलगत रिपो र्टिङका लागि पुगेका पत्रकारद्वयलाई विद्यालयका प्रधानाध्यापक, शिक्षक र उपस्थित के ही अभिभावकसहितले दुर्व्यवहार र हातपात गर्दै पत्रकारको क्यामेरा र माइकसमेत खोसे का थिए ।

**३. आक्रमण**

■ २०८० फागुन १६ गते नेपाल पत्रकार महासंघ प्यूठान शाखाका सदस्य पदमप्रसाद पोखे्रललाई समाचार संकलनका क्रममा काठमाडौं महानगरपालिकाको नगर प्रहरीले आक्रमण गरी घाइते बनाएको छ । महासंघ प्यूठान शाखाका अनुसार फागुन १६ गते बुधवार साँझ काठमाडौंको सुन्धारामा महानगर प्रहरीले सडक व्यापारीहरूलाई बलपूर्वक हटाइरहेको थियो । सोही विषयको भिडियो खिचिरहेको अवस्थामा पत्रकार परिचयपत्र

देखाउँदा देखाउँदै पनि नगर प्रहरीले आक्रमण गर्दै पत्रकार पोखेलको मोबाइल फोन, क्यामेरा, ल्यापटप तथा अन्य कागजपत्रहरु जफत गरेको शाखाले जनाएको छ ।

■ २०८० माघ २३ गते नेपाल पत्रकार महासंघ रौतहट शाखाका सदस्य कृष्ण तिवारीलाई समाचार संकलनका क्रममा कुटपिट गरी घाइते बनाएको छ । माघ २३ गते मंगलबार समाचार संकलनका लागि रौतहटस्थित बाबा बैजुनाथ सुगर मिल पुगेका पत्रकार तिवारीलाई सोही मिलका सञ्चालहरूले निर्घात कुटपिट गरी घाइते बनाएको महासंघ रौतहट शाखाले जनाएको छ । कुटपिटबाट पत्रकार तिवारीको छाती र टाउकोमा गहिरो चोट लागेको थियो ।

■ २०८० पुस २१ गते नेपाल पत्रकार महासंघ बागलुङ शाखाका सचिव विजय रानालाई समाचार संकलनका क्रममा प्रहरीले कुटपिट गरी घाइते बनाएको छ । महासंघ बागलुङ शाखाका अनुसार शनिबार बागलुङको धौलागिरी बहुमुखी क्याम्पस प्राङ्गणमा चलिरहेको बागलुङ महोत्सव हेर्न आएका सर्वसाधारणमाथि महोत्सव सकेर निस्कने क्रममा राति १०:३० बजेको समयमा प्रहरीले लाठीचार्ज गरेको थियो । सोही घटनाको तस्बीर तथा भिडियो खिच्ने क्रममा प्रहरीले पत्रकार रानालाई निर्घात कुटपिट गरी गम्भीर घाइते बनाउनुका साथै उहाँको मोवाइल फोनसमेत खोसेको शाखाले जनाएको छ ।

■ २०८० मंङ्सिर १० गते क्रिकेट टुर्नामेण्टको प्रत्यक्ष प्रसारण सकाएर फर्किरहेको एन्यूज टिभीको सवारी साधनमा पर्साको प्रसौनीमा एक समूहले तोडफोड गरी क्षति पुऱ्याएको छ । महासंघ पर्सा शाखाका अनुसार असोज ९ गते शनिबार जगरनाथपुर गाउँपालिकामा आयोजना भएको दोस्रो अध्यक्षकप क्रिकेट टुर्नामेण्टको प्रत्यक्ष प्रसारण सकाएर फर्किरहेको अवस्थामा एन्यूजकर्मी राजेन्द्र सिंहसहितको टोली सवार एन्युज टिभीको ना१च ८१८२ नम्बरको सवारी साधनमा उक्त खेलमा हार बेहोरेका समूह र वडा नं. ६ का स्थानीयले तोडफोड गरी क्षति पुऱ्याएका थिए ।

■ २०८० कार्त्तिक २२ गते कान्तिपुर मिडिया ग्रुपले त्यहाँ कार्यरत पत्रकार लाई गैरकानुनीरुपमा गरेको निष्कासन तथा सरुवाविरुद्ध थालिएको आन्दोलनको कार्यक्रमअन्तर्गत कान्तिपुर दैनिक प्रतिष्ठानमा धर्ना दिने क्रममा एक व्यक्तिले अन्धाधुन्द गिट्टी प्रहार गर्दा महासंघका निवर्तमान केन्द्रीय सदस्य टीकाराम प्रधान घाइते भएका थिए । आक्रमणबाट पत्रकार प्रधानको टाउकामा चोट लागेको थियो ।

■ २०८० कार्त्तिक २ गते नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सदस्य तथा रेडियो नेपालमा कार्यरत पत्रकार सञ्जीवविक्रम शाहमाथि जनमत पार्टीका कार्यकर्ताले आक्रमण गरेका छन् । महासंघ सप्तरी शाखाका अनुसार कार्तिक १ गते बुधबार पोखरी ठेक्कासम्बन्धी विवादमा सप्तरीस्थित डाकनेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाहलाई वडाबासीले कार्यालयमा घेराबन्दी गरी प्रदर्शन गरेका थिए ।

सोही विषयको समाचार संकलनका लागि पुगेका पत्रकार शाहलाई जनमत पार्टीका कार्यकर्ताले हाम्रो विरुद्ध किन समाचार लेखेको भन्दै हुलहुज्जत गर्दै हातपात गरेका थिए ।

■ २०८० असोज ८ गते रातोपाटी डटकम अनलाइनमा कार्यरत पत्रकार कृष्णसिंह धामीलाई खाजा खाएर फर्कदै गर्दा अपरान्ह ४ बजेतिर एक समूहले आक्रमण गरी घाइते बनाएको थियो । भदौ २५ गते सोमबार त्रिभुवन विश्वविद्यालयबाट प्रदान गरिएको केही शैक्षिक कार्यक्रमबारे रातोपाटी अनलाइनले समाचार प्रकाशित गरेको थियो । सोही विषयलाई लिएर अखिल क्रान्तिकारी (विप्लव समूह) ले पत्रकार कृष्णसिंह धामी र रातोपाटी अनलाइनको नाम किटान गरी २०८० भदौ २६ गते मंगलबार चेतावनीपूर्ण विज्ञप्ति जारी गरेको थियो ।

■ २०८० असोज ४ गते काठमाडौँको रानीपोखरीमा रहेको भानु माध्यमिक विद्यालय (दरबार हाइस्कुल)का शिक्षकले संसारन्यूज डटकमका सम्पादक राजेन्द्र बरालमाथि कुटपिट गरेका थिए । बिहीबार सम्पादक तथा सोही विद्यालयका अभिभावक समेत रहेका राजेन्द्र बराल शिक्षक संगठनको आन्दोलनको प्रभावबारे समाचार संकलन गर्न र आफ्ना नानीबाबुलाई विद्यालय छोड्न जाँदा “तेरा छोरालाई स्कूलबाट निकालेर लैजा” भन्दै गालीगलौज गर्दै विद्यालयका शिक्षकद्वय दीपेन्द्र चौलागाई र पदम बटालाले विद्यालय हाताभित्र कुटपिट गरेको सम्पादक बरालले जानकारी दिनुभयो ।

■ २०८० भदौं ४ गते नेपाल पत्रकार महासंघ रौतहट शाखाका कार्यसमिति सदस्य एवं हिमालय टेलिभिजनका सम्वाददाता राकेश यादवमाथि समाचार संकलनका क्रममा कुटपिट भएको छ । अवैधरूपमा सञ्चालित क्रसर उद्योगबारे समाचार संकलन गर्ने क्रममा रौतहटको बृन्दावन- ३ स्थित शिवम् क्रसर उद्योग पुगेका पत्रकार यादवलाई सोही क्रसरका सञ्चालक दीपक साहको निर्देशनमा राजदेव ठाकुर, राधेश्याम यादव र महेश चौधरीले कुटपिट गरेको महासंघ रौतहट शाखाले जनाएको छ ।

■ २०८० भदौं १ गते नयाँ पत्रिका दैनिकका सप्तरी सम्वाददाता सौरभ यादवलाई स्थानीय केही युवकहरूले निर्घात कुटपिट गरी घाइते बनाएका थिए । भदौ १ गते शुक्रबार पत्रकार यादवलाई ती युवकहरूले टेलिफोन गरेर सप्तरीको राजविराजस्थित राजदेवी चोकमा बोलाएर निर्घात कुटपिट गरेको महासंघ मधेश प्रदेश समितिले जनाएको छ ।

■ २०८० साउन १५ गते नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सल्लाहकार मनोहरकुमार पोखरेलमाथि राजविराजस्थित जिल्ला प्रहरी कार्यालयका प्रहरीले कुटपिट गर्नुका साथै दुर्व्यवहार गरेका थिए । महासंघ सप्तरी शाखाका अनुसार समाचार संकलनका क्रममा त्यहाँ पुगेका पत्रकार मनोहरकुमार पोखरेललाई प्रहरी सहायक निरीक्षक राजेश्वर

महतोले कुटपिट र दुर्व्यवहार गरेका थिए ।

■ २०८० साउन १८ गते समाचार संकलनका क्रममा गोलखबर डटकम अनलाइनमा कार्यरत पत्रकार शान्ति घर्तीलाई प्रहरीले कुटपिट गरी घाइते बनाएको छ । जनजाति संस्कारविरुद्ध अभिव्यक्ति दिनेलाई पक्राउ गरी कारबाहीको माग राख्दै साउन १८ गते बिहीबार काठमाडौंको टेकुस्थित जिल्ला प्रहरी परिसरमा भएको धर्ना कार्यक्रमको समाचार संकलनका क्रममा पत्रकार घर्तीलाई प्रहरीले नियन्त्रणमा लिएर लछारपछार गर्दै कुटपिट गरेका थिए ।

■ २०८० साउन ८ गते नेपाल पत्रकार महासंघ बझाङ शाखाका सदस्य एवं रेडियो खप्तड आवाज र नेपाल एंगल अनलाइनमा कार्यरत पत्रकार सुनिल मण्डललाई अपहरण गरेर बन्दी बनाएर आक्रमण गरिएको थियो । साउन ८ गते सोमबार होटल होलिडे इनका सञ्चालक तथा राष्ट्रिय स्वतन्त्र पार्टीका बझाङ जिल्ला संयोजक नगेन्द्र खड्काको निर्देशनमा पत्रकार मण्डललाई निवासबाटै अपहरण गरेर बन्दी बनाई आक्रमण गरिएको महासंघ बझाङ शाखाले जनाएको छ ।

■ २०८० असार २५ गते समाचारको विषयलाई लिएर मकालुखबर डटकमका मधेश ब्यूरो प्रमुख शिवेन्द्र रोहितालाई एक अराजक समूहले आक्रमण गरी घाइते बनाएको छ । महासंघ धनुषा शाखाका अनुसार असार २५ गते सोमबार राति जनकपुरधाम उपमहानगरपालिकास्थित भानुचोकमा सो समूहले पत्रकार रोहितामाथि सांघातिक आक्रमण गरेका थिए ।

**समाचार संकलन, प्रकाशन, प्रसारणमा अवरोध**

■ २०८० फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रममा पत्रकारलाई प्रवेश निषेध गरी समाचार संकलनमा अवरोध गरिएको छ । सैनिक मञ्च टुँडीखेलमा आयोजना गरिएको कार्यक्रममा मूल समारोह आयोजक समितिले निमन्त्रणा दिएका पत्रकारलाई मात्र प्रवेश दिने भन्दै सूचना तथा प्रसारण विभागबाट जारी प्रेस पास प्राप्त पत्रकारलाई समेत प्रवेश निषेध गरी समाचार संकलनमा अवरोध गरेको थियो । प्रवेश नदिएपछि फोटो पत्रकारले क्यामेरा डाउन गरी विरोध जनाएका थिए ।

■ २०८० नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्नपूर्ण मिडिया नेटवर्कअन्तर्गत अन्नपूर्ण पोष्ट दैनिक लगायतका मिडियामा प्रकाशित सामग्रीलाइ लिएर अन्नपूर्ण मिडियाका अध्यक्ष रामेश्वर थापासँग स्पष्टीकरण मागेको थियो । अन्नपूर्ण पोष्ट दैनिकलगायतका मिडियामा उडान सुरक्षाका विषयमा समाचार सामग्री प्रकाशित भएपछि उक्त सामग्रीले उडान सुरक्षामा गम्भीर चुनौती सिर्जना गर्ने र असर पुऱ्याउने भ्रामक र अफवाह फैलाउने खालको भएको भन्दै नागरिक उड्डयन प्राधिकरणले भदौ १ गते स्पष्टीकरण पत्र पठाई ७ दिनभित्र जवाफपत्र काटेको अन्नपूर्ण मिडिया नेटवर्कले महासंघलाई जानकारी

गराएको थियो ।

■ २०८० साउन २३ गते जिल्ला प्रशासन कार्यालय सप्तरीले पत्रकारलाई बिना अनुमति कार्यालयभित्रको फोटो खिच्न, सामाजिक सञ्जाल र अनलाइन पत्रपत्रिकामा प्रकाशन गर्न रोक लगाएको थियो । जिल्ला शाखाले जनाएअनुसार जिल्ला प्रशासन कार्यालयले साउन २३ गते सूचना सार्वजनिक गरी परिसरभित्र विना अनुमति फोटो तथा भिडियो लगायतको सूचना सम्प्रेषण गर्न रोक लगाएको थियो ।

**पेशागत असुरक्षा**

नेपाल पत्रकार महासंघले श्रम समस्यासम्बन्धी उजुरीलाई अध्ययन गरी सम्बन्धित सञ्चारगृहमा पत्राचार, छलफल, दवावमूलक कार्यक्रममार्फत हल गर्ने गरेको छ । लामो समयसम्म हल नभएका श्रमसम्बन्धी समस्या समाधान गर्न महासंघले पीडित पत्रकारलाई श्रम अदालतसम्मको सहजीकरण गर्ने गरेको छ ।

वि.सं. २०८० साल बैशाखयता श्रमजीवी पत्रकारको पेशागत असुरक्षा (रोजगारी बिमुख गराउने, सेवा सुविधाबाट बञ्चित, कामबाट बञ्चित) सम्बन्धी नेपाल पत्रकार महासंघमा परेका उजुरीमध्ये समाधान हुन बाँकी रहेको विवरणः

■ कान्तिपुर मिडिया ग्रुपअन्तर्गत विभिन्न सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकारले श्रम समस्या समाधानका लागि विभिन्न समूहमा निवेदन दिनुभएको थियो । करिव ५२ जना श्रमजीवी पत्रकार पीडित भएको उक्त प्रतिष्ठानमा २०८० भदौ १० गते महासंघमा दर्ता भएको निवेदन बाहेकका अन्य श्रम समस्या समाधान भएको छ । हाल ३ जनाको श्रम समस्या समाधानको क्रममा रहेको ।

■ शुभयात्रा ब्रोडकास्ट मिडिया प्रालिद्वारा सञ्चालित युनिभर्सल टेलिभिजनमा करिब डेड वर्ष काम गर्दा बाँकी रहेको पारिश्रमिक उपलब्ध नगराएकाले सहजीकरणका लागि महासंघमा उजुरी दर्ता भएको । २०८० जेठ १४ गते । १ महिला ।

■ जावलाखेलमा रहेको गोर्खा टेलिभिजनमा समाचार शाखामा काम गर्दा बाँकी सेवासुविधा पटकपटक ताकेता गर्दा समेत बाँकी रहेकोले सहजीकरणका लागि महासंघमा उजुरी दर्ता । २०८० साउन १८ गते । २ महिला, १ पुरुष ।

■ कालिका सञ्चार प्रालिद्वारा सञ्चालित www.nitinews.com ले पारिश्रमिक उपलब्ध नगराएकोले सहजीकरणका लागि महासंघमा उजुरी दर्ता । २०८० साउन २३ गते । २ जना पुरुष ।

■ एभिन्यूज टेलिभिजनमा काम गरेको तर पारिश्रमिक नपाएकाले सहजीकरणका लागि महासंघमा उजुरी दर्ता भएको । २०८० साउन १६ गते । १ महिला ।

■ एपीवान टेलिभिजनमा कार्यरत तीनजना पत्रकारलाई व्यवस्थापनले सेवाबाट निकालेको र नियमअनुसार सेवासुविधा उपलब्ध नगराएको भनी महासंघमा उजुरी दर्ता । हाल उक्त विषय श्रम कार्यालयमा पुगेको छ । २०८० भदौं २२ गते। ३ जना पुरुष ।

■ इलाम सामुदायिक सञ्चार केन्द्र इलाम, शान्ति सञ्चार लिमिटेडद्वारा सञ्चालित रेडियो नेपालवाणी एफएम ९४.९ मेगाहर्जमा २०७६ देखि स्थायीरुपमा कार्यरत एकजना पत्रकारलाई २०८० माघदेखि श्रमजीवी पत्रकार ऐन विपरीत हाजिर गर्न नदिएको साथै श्रम ऐनअनुसार पारिश्रमिक उपलब्ध नगराएको । २०८० फागुन १० गते । १ जना महिला ।

■ एभिन्यूजखबर टिभीमा कार्यरत श्रमजीवी पत्रकार तथा कर्मचारीहरुको नियमित सेवासुविधा अवरुद्ध भएको भन्दै सहजीकरणका लागि निवेदन दर्ता भएको । २०८० माघ ११ गते । - एभिन्यूज खबर प्रतिष्ठान शाखा

■ नेपाल लाइभ टुडे प्रालिमा विगत ३ वर्षदेखि कार्यरत सम्पादकको एक वर्षदेखिको नियमित पारिश्रमिक अवरुद्ध भएको भन्दै सहजीकरणका लागि निवेदन दर्ता भएको । २०८१ बैशाख ४ गते ।

■ झिल्को डटकममा विगत ६ वर्षदेखि कार्यरत सम्पादकले आफूसहित त्यहाँ काम गर्ने श्रमजीवी पत्रकारलाई व्यवस्थापनले नियमित सेवा सुविधा उपलब्ध नगराएको र सेवासुविधाका लागि आग्रह गर्दा व्यवस्थापन पक्षले बेवास्ता गरेको भन्दै सहजीकरणका लागि महासंघमा उजुरी दिनुभयो । २०८० पुस १९ ।

■ द हिमालयन टाइम्स अंग्रेजी दैनिक पत्रिकामा कार्यरत श्रमजीवी पत्रकार कर्मचारीको नियमित सेवासुविधा अवरुद्ध भएको ।

■ इकागज डटकममा कार्यरत श्रमजीवी पत्रकार कर्मचारीको नियमित सेवासुविधा अवरुद्ध भएको ।

■ बागमती टेलिभिजन नेटवर्क प्रालिमा समाचार तथा कार्यक्रम उत्पादकले तोकिएको शर्तबमोजिम सेवासुविधा नपाएको । २०८१ बैशाख ५ ।

■ ग्यालेक्सी फोरके टेलिभिजनमा कार्यरत श्रमजीवी पत्रकार तथा कामदारको सेवासुविधा लामो समयदेखि रोकिएको । उक्त टेलिभिजनको मुख्य लगानीकर्ता सम्पर्कविहीन भएसँगै त्यहाँ कार्यरत धेरै पत्रकार तथा कर्मचारी रोजगारीबाट विमुख भएका छन् ।






नेपाल पत्रकार महासंघ